नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

बिरेन्द्रनगर शाखा

## नेपाल बैंक लिमिटेड, बिरेन्द्रनगर शाखा कार्यालय रहेको भाडाको भवनमा भौतिक पूर्वाधार निर्माणको लागी सिभिल र इलेक्ट्रिकल तथा AC सहितको नेटवर्किङ्ग कार्य गर्नको लागी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७६/०४/२१)**

सुर्खेत जिल्ला स्थित नेपाल बैंक लिमिटेड, बिरेन्द्रनगर शाखा कार्यालय रहेको भवनमा आल्मुनियम पर्टिशन, हेल्प डेस्क थप गर्न, भल्ट कोठा तथा फलामे केज निर्माण गर्न साथै जिप्सम बोर्ड, फल्स सिलिङ्ग र रङ्गरोगन लगायतका सिभिल र ईलेक्ट्रिकल तथा AC सहितको नेटवर्किङ्ग कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । प्रधान कार्यालयबाट बोलपत्र फाराम लिनेको हकमा यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं. ००२००१०६७११२८३०००००१ अथवा बिरेन्द्रनगर शाखाबाट बोलपत्र फाराम लिनेको हकमा बिरेन्द्रनगर शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभाग वा बिरेन्द्रनगर शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभाग वा बिरेन्द्रनगर शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) बोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाइ, न्युनतम रु.१,०४,०००/-(अक्षरेपी एक लाख चार हजार मात्र।) धरौटी वापत यस बैंकको बिरेन्द्रनगर शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य 'क' वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तीम मितिले ९० दिनको हुनेछ ।

२) बोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७४/७५ को कर चुक्ता प्रमाणपत्र र निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र, कालो सूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य सम्झौता भएको मितिले ६० दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।
बोलपत्र फाराम प्राप्त गर्ने स्थान :- ने.बै.लि. बिरेन्द्रनगर शाखा वा प्रधान कार्यालय, सामान्य सेवा विभाग ।
बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७६/०५/१८ गते बुधबार कार्यालय समय भित्र ।
बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७६/०५/१९ गते बिहिबार बिहान ११:०० बजे भित्र ।
बोलपत्र दाखिला गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, बिरेन्द्रनगर शाखा ।
बोलपत्र खोल्ने मिति र स्थान :- २०७६/०५/१९ गते बिहिबार दिउसो १२:३० बजे नेपाल बैंक लिमिटेड, बिरेन्द्रनगर शाखा । सो मितिमा विदा पर्न गएमा सो मितिको भोली पल्ट बोलपत्र खोलिनेछ ।

बैंकको अनुमानित लागत :-

**सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कूल जम्मा रकम रु.४१,२४,५३७/३६ (अक्षरेपी एकचालिस लाख चौबिस हजार पाँच सय सैतिस र पैसा छत्तिस मात्र ।)**